मोडयुलर सोशल हाउजिंग प्रोजेक्ट (मोडयुलर सामाजिक आवास परियोजना) एक परिवर्तनशील सामाजिक आवास परियोजना हो जुन हङकङ काउन्सिल अफ सोशल सर्भिस (हङकङ सामाजिक सेवा परिषद)ले सरकारद्वारा समर्थित विभिन्न कोषदाता, निजी कम्पनीहरु र गैर-सरकारी संस्था/सामाजिक उद्यमहरुको संयुक्त प्रयासबाट सुरुवाद गरिएको हो । यस परियोजनाले छोटो अवधिका लागि उपयोग गर्न उपलब्ध खाली जग्गामा परिवर्तनशील सामाजिक आवास निर्माण गर्न मोडयुलर एकीकृत निर्माण अपनाउँदछ । हामीले परिवर्तनशील आवास र समर्थन सेवाहरुको प्रावधानको माध्यमबाट, सार्वजनिक भाडा आवासको लागि कम्तिमा 3 वर्ष प्रतिक्षामा रहेका र अनुचित विभाजित इकाईमा बसोबास गर्नेहरुका जीवनस्तर सुधार गर्ने लक्ष्य राखेका छौ । काउन्सिले गैरसरकारी संस्था/सामाजिक उद्यमहरुको लागि पनि व्यवस्थापन गर्नेछ र निम्न वर्गका व्यक्तिहरुको आवश्यकतालाई सम्बोधन गर्न, भाडावालाहरुको सामाजिक अन्तर सम्बन्धमा सुधार ल्याउन र समुदायमा स्वतन्त्ररुपमा बस्ने क्षमताको विकास गर्न सहयोग गर्दछ । यसका मुख्य उद्देश्यहरु:

- सार्वजनिक भाडा आवास र/ वा हालमा असहज र अपर्याप्त आवास अवस्थाहरुमा बसोबास गरिरहेका परिवारहरुका लागि सस्तो र परिवर्तनशील सामाजिक आवास प्रदान गर्न गरी उनीहरुको जीवनशैलीमा सुधार ल्याउन
- समुदायमा समर्थन सुद्दढ गरी भाडादारहरुको क्षमता विकास गर्न र तिनीहरुलाई समुदायमा योगदान दिन प्रोत्साहन गर्न
- खाली जग्गामा परिवर्तनशील सामाजिक आवासको निर्माण गर्न मोडयुलर एकीकृत निर्माण अपनाउनु नै सबैभन्दा निपुण, आर्थिक र वातावरणीय मैत्रीपूर्ण तरिका हो ।

**लक्षित लाभार्थीहरू**

निम्न मापदण्डहरु पूरा भएका व्यक्तिहरु वा परिवारहरु आवेदन गर्न योग्य छन्:

1. सार्वजनिक भाडा आवासको (PRH) लागि 3 वर्ष भन्दा माथि प्रतिक्षामा रहेका र विभाजित

इकाईमा बसोबास गरिरहेकाहरुका लागि; वा
2. तत्काल आवासको आवश्यकताहरु भएको; र
3. पूर्ण-समय रोजगार भएका वा विस्तृत सामाजिक सुरक्षा सहायता (CSSA) को लागि आवेदन गरेका;
4. सेवा सञ्चालकहरुद्वारा तोकिएका अन्य विशेष सर्तहरु वा आवश्यकताहरु पूर्ण गरेकाहरु

**भाडा**

विस्तृत सामाजिक सुरक्षा सहायता योजना अन्तर्गत भाडा भत्ता अधिकतम स्तरमा वा परिवारको कुल आम्दानी रकमको 25%, जुन कम्ती हुन्छ त्यसमा भाडा निर्धारण गरिएको हुन्छ।

**हामीलाई सम्पर्क गर्नुहोस्**

ठेगाना: Room 505, 5/F., Harcourt House, 39 Gloucester Rd., Wan Chai, Hong Kong

वेबसाइट: http://communityhousing.org.hk

ईमेल: housing@hkcss.org.hk

सोधपुछ: 3596 7128

**अल्पसंख्यक जातीयहरूका लागि समर्थन सेवा केन्द्रहरू**

https://www.had.gov.hk/rru/english/programmes/programmes_comm_sscem.html

**हङकङ क्रिश्चियन सर्भिस CHEER द्वारा प्रदान गरिएको नि:शुल्क दोभाषे सेवा:**

यदि तपाईलाई दोभाषे सेवाको कुनै सहयोग आवश्यक छ भने, कृपया निम्न हटलाइन(हरु)मा सम्पर्क गर्नहोस् र CHEER द्वारा सजिलै पहिचान गर्नको निम्ति तपाईको सोधपुछहरुमा "सोशल हाउजिंग/ मोडयुलर सोशल हाउजिंग" सम्बन्धित हो भनी बताउनुहोस्। धन्यवाद।

| **भाषा** | **हटलाइन नम्बरहरु** |
| --- | --- |

| | |
|---|---|
| Bahasa Indonesia | 3755 6811 |
| Hindi हिन्दी | 3755 6877 |
| Nepali नेपाली | 3755 6822 |
| Urdu اردو | 3755 6833 |
| Punjabi ਪੰਜਾਬੀ | 3755 6844 |
| Tagalog | 3755 6855 |
| Thai ไทย | 3755 6866 |
| Vietnamese Tiếng Việt | 3755 6888 |